**कोरोना भाइरससम्बन्धी प्रदेश २ अवस्था**
**धनुषा । ०७७ वैशाख ९ गते**

प्रदेश २ मा वैशाख ९ गतेसम्म कोरोना भाइरसका शङ्कास्पद ६ सय ९ जनाको स्वाब परीक्षण गरिएकोमा ५ सय ९० जनाको रिपोर्ट नेगेटिभ र चार जनाको रिपोर्ट पोजेटिभ आएको छ । १५ जनाको रिपोर्ट आउन बाँकी रहेको छ ।

त्यसैगरी, वैशाख ९ गतेसम्म आरडीटी किटबाट परीक्षण ३ हजार ४ सय ४७ जनाको गरिएकोमा ३ हजार ४ सय ४० जनाको रिपोर्ट नेगेटिभ र सात जनाको रिपोर्ट पोजेटिभ आएको थियो । पोजेटिभ रिपोर्ट आएकामध्ये सात जनाको पीसीआर रिपोर्ट नेगेटिभ आएको प्रदेश २ सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

प्रदेश २ मा वैशाख ९ गतेसम्म १ हजार २ सय ४ जना क्वारेन्टाइनमा रहेका छन् भने २ हजार ३ सय ४२ जना होम क्वारेन्टाइनमा रहेका छन् । प्रदेशका आठ ओटै जिल्लामा २ सय २७ बेड क्षमताको आइसोलेशन वार्ड छ । आइसोलेशन वार्डमा कोरोना आशङ्का गरिएका १५ जना बिरामी उपचारार्थ छन् ।

उदयपुरको बेलटारबाट सप्तरीको बाटो हुँदै वैशाख ८ गते राती भारततर्फ प्रवेश गर्न लागेका तीन भारतीय जमातीलाई नियन्त्रणमा लिई राति नै आरडिटी परीक्षण गरिएको प्राथमिक स्वास्थ्य केन्द्र, कञ्चनरूपका सिनियर अहेव डम्बर गुप्ताले बताउनु भयो । कोशी टप्पु वन्य जन्तु आरक्ष पथरी व्यारेकको नेपाली सेनाद्वारा कञ्चनरूप नपा-५ स्थित खेतबाट नियन्त्रणमा लिइएका तीन भारतीयसहित कञ्चनरूप नगरपालिकामा वैशाख ९ गतेसम्म गरिएको १ सय २२ जनाकै आरडिटी परीक्षण नेगेटिभ आएको अहेव गुप्ताले जानकारी दिनु भयो ।

धनुषाको क्षिरेश्वरनाथ नगरपालिकाले मनोमानी किसिमले अति विपन्न परिवारलाई भन्दा हुनेखाने परिवारलाई राहत वितरण गरेको भन्दै स्थानीय अगुवाहरूले धनुषाका प्रमुख जिल्ला अधिकारी कोषहरी निरौलालाई वैशाख ९ गते ध्यानाकर्षण गराएका छन् । करिब ३ दर्जन व्यक्तिले जिल्ला प्रशासन कार्यालय धनुषालाई ध्यानाकर्षण पत्र बुझाउँदै भेदभावपूर्ण ढङ्गले राहत वितरण गरिएको बताएका छन् । प्रदेश सरकार तथा जिल्ला प्रशासन कार्यालयले गरेको परिपत्र विपरित दलहरूलाई समेत कुनै किसिमको जानकारी नदिइ हुने खानेलाई मात्रै राहत दिएको ध्यानाकर्षण पत्रमा जनाइएको छ ।

पर्साको बीरगंज महानगरपालिकाले राहत वितरण कार्यमा राजनीतिक दलका प्रतिनिधिलाई समावेश गरेर सर्वदलीय संयन्त्र बनाएपछि राहत माग्नेहरूको सूची बढेको छ । बीरगंज महानगरको सबैभन्दा समृद्ध वडा मानिएको वीरगंज-१० आदर्शनगरमा पनि २ हजार ५ सय घरधुरीले राहत माग गरेका छन् । वडा- १० मा आदर्शनगर र घडीअर्वा गरी दुई ओटा टोल रहेका छन् । अहिले महानगरपालिकाले सबै वडाबाट सूची माग गरेर माग भएबमोजिमको राहत सामान खरीद गरी वडामा पठाउने गरिरहेको छ । वडाले सूचीकृतहरूलाई वडा कार्यालयबाट सामाजिक दूरी बनाएर राहत वितरण सुरु गरेको छ । बीरगञ्ज महानगरपालिकामा मात्रै ३० हजार ५ सय घरधुरीले राहतका लागि फारम भरेको महानगर प्रमुख विजय कुमार सरावगीले बताउनु भयो ।

साथै, कोरोना भाइरस रोकथाम तथा न्यूनिकरणका लागि जिल्ला जिल्लामा भएको प्रयास तथा लकडाउन सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिमार्फत प्राप्त सूचनाको आधारमा जिल्लागत अवस्था यसप्रकार छ ।

**इन्सेक सप्तरी जिल्ला प्रतिनिधि मनोहरकुमार पोखरेलका अनुसार** आरडीटी परीक्षणमा पोजेटिभ आएको तीन जनासहित ४० जनाको स्वाब परीक्षण नेगेटिभ आएको छ ।

सप्तरीमा सङ्क्रमितहरू बसेको नयाँ क्षेत्र पत्ता लागेपछि स्वास्थ्यकर्मीहरू वैशाख ९ गते साँझ कञ्चनरूप नपा-१२ चर्खिया पुगेका छन् । उदयपुरको त्रियुगा नपा-३ भुल्केमा फेला परेका कोरोना सङ्क्रमितहरू भुल्के जानु अघि कञ्चनरूप नपा-१२ चर्खियाको मस्जिदमा समेत बसेको पत्ता लागेपछि स्वास्थ्यकर्मीहरूले सो क्षेत्रमा आरडीटी परीक्षण सुरू गरेका हुन् ।

प्राथमिक स्वास्थ्य केन्द्र कञ्चनरूपका सिनियर अहेव डम्बर गुप्ताले पहिलो चरणमा चर्खिया क्षेत्रमा सङ्क्रमित जमातीहरूको प्रत्यक्ष सम्पर्कमा आएका २७ जनाको आरडीटी परीक्षण गरिएको बताउनु भयो ।

आफ्नो समुदायमा इस्लाम धर्मको प्रचार प्रसार गर्न हिँडेका जमातीहरू सप्तरीको विभिन्न मस्जिद हुँदै उदयपुर पुगेको पत्ता लाग्दै गए पछि ती क्षेत्रहरूमा तिब्रताका साथ आरडिटी परीक्षण गर्न लागिएको स्वास्थ्य कार्यालयले जनाएको छ । यसअघि सङ्क्रमितहरू बसेको सप्तकोशी नगरपालिकाको मस्जिद रहेको वडा नम्बर १ फत्तेपुरमा वैशाख ६ गते ७४ जना, वैशाख ७ गते वडा नम्बर २ मा ६६ र वडा नम्बर ४ मा ३१ तथा कञ्चनरूप नगरपालिका-२ बरमझियामा वैशाख ८ गते २७ र वैशाख ९ गते १२ जनाको परीक्षण गरिएको छ । वैशाख ८ गते कञ्चनरूपको क्वारेन्टाइनमा रहेका ६ जना र ईलाका प्रहरी कार्यालय कञ्चनरूपको थुनामा रहेका १० जनाको समेत आरडीटी परीक्षण गरिएको छ ।

उदयपुरको बेलटारबाट सप्तरीको बाटो हुँदै वैशाख ८ गते राती भारततर्फ प्रवेश गर्न लागेका तीन भारतीय जमातीलाई नियन्त्रणमा लिई राति नै आरडीटी परीक्षण गरिएको प्राथमिक स्वास्थ्य केन्द्र, कञ्चनरूपका सिनियर अहेव डम्बर गुप्ताले बताउनु भयो । कोशी टप्पु वन्य जन्तु आरक्ष पथरी व्यारेकको नेपाली सेनाद्वारा कञ्चनरूप नपा-५ स्थित खेतबाट नियन्त्रणमा लिइएका तीन भारतीयसहित कञ्चनरूप नगरपालिकामा वैशाख ९ गतेसम्म गरिएको १ सय २२ जनाकै आरडीटी परीक्षण नेगेटिभ आएको सि.अहेव गुप्ताले जानकारी दिनु भयो ।

यसैगरी राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा वैशाख ९ गते १५ जनाको आरडीटी परीक्षण गरिएकोमा एक जनाको रिपोर्ट पोजेटिभ आएको छ । डाकनेश्वरी नपा-४ भुतही बस्ने ४० वर्षीय सोगबिर सदाको वैशाख ८ गते कान काटेको आरोपमा गिरफ्तार उहाँका भिनाजुलाई थुनामा लैजानु अघि आरडीटी परीक्षण गराउँदा रिपोर्ट पोजेटिभ आएको जिल्ला प्रहरी कार्यालयका एसपी कृष्ण प्रसाईले बताउनु भयो ।

स्वास्थ्य कार्यालय सप्तरीलाई प्राप्त ८ सय आरडीटी किटमध्ये ७ सय ४० किट प्रयोग भइसकेको र राजविराज अस्पताललाई प्राप्त १ सय ६० मध्ये ८३ किट प्रयोग भइसकेको स्वास्थ्य कार्यालयका निमित्त प्रमुख दुनियालाल यादवले बताउनु भयो । यादवका अनुसार विभिन्न क्वारेन्टाइनमा चार जना पुरूष थप भएका छन् भने पाँच जना पुरूष घर फर्किएका छन् । यसरी वैशाख ९ गते तीन महिला र १ सय ३४ जना पुरूष रहेका छन् । होम क्वारेन्टाइनमा २२ जना रहेको स्वास्थ्य कार्यालयका निमित्त प्रमुख यादवले बताउनु भयो ।

कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमणका कारण उद्योग, साना व्यवसाय क्षेत्रमा गम्भीर असर परेको र ऋणीहरूको दैनिक अवस्था अस्त-व्यस्त रहेकोले स-साना व्यवसायका लागि बैंक तथा लघुवित्त संस्थाहरूले गरेको लगानीको ब्याज मिन्हा तथा साँवामा छुटको लागि समूह सदस्यहरूले माग गरेका छन् ।

नेपाल सरकारको नेपाल राष्ट्र बैंक तथा अन्य बैंकहरूको लगानीमा सञ्चालित लघुवित्त संस्थाहरू ग्रामिण विकास बैंक, स्वालम्बन विकास बैंक, छिमेकी लघुवित्त बैंक, महुली सामुदायिक संस्थालगायतका लुघुवित्त संस्था आवद्ध सदस्यहरूले छुट्टा-छुट्टै नेपाल सरकारका अर्थमन्त्री तथा अर्थ मन्त्रालयको

कार्यालयमा निवेदन पठाई बन्दाबन्दी (लकडाउन) अवधिको व्याज मिन्हा तथा कृषि ऋणमा छुटको माग गरेका हुन् ।

ग्रामीण विकास बैंक लिमिटेड कल्याणपुर शाखा आबद्ध खडक नाप-८ का सदस्यहरू ममतादेवी चौधरी, जसोदेवी चौधरी, प्रमिलादेवी साह, संसारीदेवी सदा लगायत १२ जना सदस्य, खडक नपा-७ र ८ मा तथा महुली लघुवित्त संस्था आबद्ध सदस्यहरू विमलादेवी चौधरी, ललिता चौधरी, सन्जु ठाकुर, सुमित्रादेवी पासवानसहित ४७ जना सदस्यहरू र अन्य आठ ओटा समूहका सदस्यहरूले छुट्टा-छुट्टै निवेदन दिई सो माग गरेका हुन् ।

कोरोनाका कारण विश्वव्यापी रूपमा देखिएको आर्थिक मन्दीको असर स्थानीय व्यवसायमा देखिएकोले बैंकको ब्याज बुझाउने अवस्थासमेत नरहेको र व्यवसाय नै धरापमा परेकाले सो पहल गरिदिन अर्थमन्त्रीसँग माग गरिएको छ ।

**इन्सेक सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियार**का अनुसार जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी बिनोद घिमिरेले क्वारेनटाइनमा शङ्कास्पद बिरामीहरूलाई निगरानीमा राख्ने क्रम जारी रहेको बताउनु भएको छ । वैशाख ९ गतेसम्म ११ महिला ८८ पुरूष गरी ९९ जना रहेको बताउनु भयो । त्यसैगरी होम क्वारेन्टाइनमा १४ महिला सहित १ सय ८६ जना निगरानीमा रहेको डिएसपी घिमिरेले बताउनु भयो ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कृष्णदेव यादवले कोरोना परीक्षणको लागि आरडीटि किटबाट परीक्षण सुरू गरेको बताउनु भयो । वैशाख ९ गतेसम्म २ सय ५१ जनाको परीक्षण गरेको र सबैको नतिजा निगेटिभ आएको बताउनु भयो । सिरहा नपामा १० महिला र ८२ पुरूष, मिर्चैया नपामा तीन पुरूष, बरियारपट्टी गाउँपालिकामा एक जना पुरूष, विष्णुपुर गाउँपालिकामा पाँच महिला र १३ पुरूष, गोलबजार नगरपालिकामा तीन महिला र ४० पुरूष, सुखिपुर नगरपालिकामा ६ जना पुरूष, लहान नगरपालिकामा १३ जना पुरूष, नरहा गाउँपालिकामा दुई जना पुरूष, नवराजपुर गाउँपालिकामा सात जना पुरूष, अर्नमा गाउँपालिकामा एक महिला र १६ पुरूष, लक्ष्मीपुर पतारी गाउँपालिकामा एक महिला र ११ पुरूष, कल्याणपुर नगरपालिकामा पाँच जना पुरूष, कर्जन्हा नगरपालिकामा १४ जना पुरूष, औरही गाउँपालिकामा तीन जना पुरूष र भगवानपुर गाउँपालिकामा १८ जना पुरूष र दुई महिला गरी २ सय ५१ जनाको आरडीटि परीक्षण नेगेटिभ आएको प्रमुख यादवले बताउनु भयो ।

लक्ष्मीपुर पतारी गाउँपालिका वडा नं. ४ मा २ सय ४० परिवारलाई वैशाख ९ गते राहत वितरण गरिएको गाउँपालिकाका अध्यक्ष रामवल्लभ साहले बताउनु भएको छ । अध्यक्ष साहका अनुसार ४ सय ७० परिवारलाई वितरण गर्ने योजना भए पनि पानीको कारणले बाँकी भोलि गर्ने जानकारी दिनु भयो । चामल, दाल, आलु, साबुन, तेल र नुन लगायतका सामग्रीहरू वितरण गरिएको उहँले जानकारी दिनु भयो ।

**इन्सेक धनुषा जिल्ला प्रतिनिधि दिपेन्द्र प्रसाद सिंह**का अनुसार क्षिरेश्वरनाथ नगरपालिकामा कोरोना भाइरसको छिटो पहिचान गर्न एन्टीबडी परीक्षण सुरू भएको छ ।

नगरपालिकाले सितानगर प्राविमा वडा नम्बर ८ र ९ का करिब ३७ जनामा आरडीटी परीक्षण गरेकोमा सबैको परिक्षण नेगेटिभ आएको छ ।

विश्वभर फैलिरहेको कोरोना भाइरसको जोखिमलाई मध्यनजर गर्दै विदेशबाट फर्किएका व्यक्ति र सम्भावित व्यक्तिहरूको परीक्षण गर्ने अभियानस्वरूप क्षिरेश्वरनाथ नगरपालिकाले वैशाख ९ गतेदेखि आरडीटी परीक्षण सुरू गरेको हो ।

क्षिरेश्वरनाथ नगरपालिकाले चैत १ गतेपछि घर आएकाहरूलाई आरडीटी परीक्षण गराउन सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्न आग्रह गरेको छ ।
जनकपुरधाम उमनपा-९ सरस्वती टोल बस्ने एकल महिला रेखादेवी यादवलाई असहाय सरक्षण मञ्चले वैशाख ९ गते राहत सामग्री प्रदान गरेको छ ।
पति शत्रुधन यादवको वैशाख ९ गते नै मृत्यु भएपछि उहाँको दाह संस्कार गर्न समेत समस्या भएपछि असहाय सरक्षण मञ्चका अध्यक्ष बैधनाथ साहले पीडित परिवारलाई  दाह संस्कारको खर्च समेत अभाव देखेर सहयोग गरेको हो ।
मृत्तकको किरियाकर्म खर्चमा लाग्ने सम्पुर्ण खर्च असहाय मञ्चले उपलब्ध गराउने समेत अध्यक्ष साहले बताउनु भयो । तत्काल राहत स्वरूप पीडित परिवारलाई ३० किलो चामल, पाँच किलो दाल, १० किलो आलु, पाँच किलो प्याज, नुन, तेल लगायतका खाद्यान्न सामग्री प्रदान गरिएको छ ।
त्यसैगरी, क्षिरेश्वरनाथ नगरपालिकाले मनोमानी किसिमले गरीबभन्दा धनीलाई राहत वितरण गरेको भन्दै स्थानीय अगुवाहरूले प्रमुख जिल्ला अधिकारी कोषहरी निरौलालाई वैशाख ९ गते ध्यानाकर्षण गराएका छन् ।
करिब ३ दर्जन व्यक्तिले जिल्ला प्रशासन कार्यालय धनुषालाई ध्यानाकर्षण पत्र बुझाउँदै भेदभाव पूर्ण ढङ्गले राहत वितरण गरिएको बताएका छन् । प्रदेश सरकार तथा जिल्ला प्रशासन कार्यालयले गरेको परिपत्र विपरित दलहरूलाई समेत कुनै किसिमको जानकारी नदिई हुने खानेलाई मात्रै राहत दिएको ध्यानाकर्षण पत्रमा उल्लेख छ ।
ध्यानाकर्षण पत्रमा राहत वितरण गर्दा परिपत्र प्रति कुनै किसिमको ध्यान नदिएको, पाँच किलो दिएको भनिएपनि चार किलो मात्रै पाइएको, सङ्घीय सांसदले आफ्नो कोषबाट दिएको रकम यो नगरपालिकाबाट खर्च गर्न नचाहेको जनाइएको छ ।

**इन्सेक महोत्तरी जिल्ला प्रतिनिधि अजयकुमार साह**का अनुसार जिल्लामा क्वारेन्टाइनमा बस्नेको सङ्ख्या हालसम्म ७ सय ४७ जना रहेका छन् ।
प्रदेश २ का समाजिक विकास मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले जनाए अनुसार महोत्तरीमा १९ क्वारेन्टाइन रहेकोमा बेड सङ्ख्या ३ सय ८८ रहेको छ । जसमध्ये महोत्तरी जिल्लाको विभिन्न स्थानीय तहहरूको क्वारेन्टाइनमा बस्नेको सङ्ख्या ८५ र होम क्वारेन्टाइनमा बस्नेको सङ्ख्या ६ सय ६२ गरी जम्मा ७ सय ४७ जना रहेका छन् ।
हालसम्म महोत्तरीको विभिन्न क्वारेन्टाइनमा बसेका ११ जनाको स्वाब परीक्षण गरिएकोमा ११ जनाको रिपोर्ट नेगेटिभ आएको छ । आरडीटीबाट स्वास्थ्य परीक्षण गरिएका १ सय २ जनाको नै रिपोर्ट नेगेटिभ आएको छ ।
गौशाला नपा-१ रामनगरमा राहत बाँडिए पनि गरिब विपन्न परिवारलाई छोडेर हुनेखाने वर्गलाई राहत उपलब्ध गराइएको छ ।
लकडाउनको अवधिमा खाद्यान्न अभावमा छाक टार्न समस्या हुने विपन्न परिवारलाई राहत वितरणका लागि प्रदेश सरकारले दिएको १५ लाख रुपियाँको कार्यविधि मिच्दै मनोमानी ढङ्गले स्थानीय तहहरूले राहत बाँडि रहेको छ । प्रहरी प्रशासनकै अगाडि लकडाउनको उल्लङ्घन गर्दै १ सय भन्दा बढी मानिसको भीडमा राहत वितरण गरिएको छ ।
गौशाला नपा-१ स्थित रामनगर बान्हटोलमा जीवछा सदाको परिवारमा आमाबुवा छोराछोरी सहित आठ जना छन् । उहाँले अहिलेसम्म राहत पाउनु सक्नु भएको छैन । दैनिक मजदुरी गरेर परिवार पाल्दै आउनु भएका जीवछलाई नगरपालिकाले दिने राहतको थोरै आस थियो । तर, नगरपालिका राहत

नदिएपछि आशा निराशामा परिणत भएको पीडितले भन्नु भयो । उहाँले भन्नु भयो-'घरमा आएर नाम टिपेर लग्यो तर हामीलाई राहत दिएन, धनीमानीले आफ्नै अगाडि राहत लियो र हामीलाई राहत दिएन, वडा अध्यक्षले अर्को चोटी दिन्छु भनेर फर्काउनु भयो ।'

पाँच किलो चामल, एक किलो दाल, एक पोका नुन, आधा किलो तेल र दुई ओटा साबुन विपन्न परिवारको भागमा परेको छ । त्यो पनि कतिपयले पहुँच नभएकाले पाएनन् । राहत देखाउँदै रामकेवल महतोले भन्नु भयो-'आठ जनाको परिवारलाई यो राहत कत्ति दिन चल्छ, बरू वडा अध्यक्षलाई पुगेको छैन भने हामी नै राहत दिन्छौं थपेर ।'

राहत कसका लागि आएको हो ? दुई-तीन विगहा जग्गा भएको व्यक्तिलाई राहत दिइएको छ तर गरिब परिवारलाई छोडिएको छ, यो कहाँको न्याय हो ? यो सरासर अन्याय हो, सर्वदलीय संयन्त्र र वडा अध्यक्षको बदमासी हो भनेर चौतर्फी रूपमा आलोचना भइरहेको छ ।

राहत नपाएका स्थानीय प्रमु महराले गुनासो गर्दै भन्नु भयो-'राहत अघि नागरिकता सहित तीन पुस्ते विवरणको फारम भर्न लगाइएको तर राहत दिइएन ।' रामनगरमा विघौविघा जग्गा र पक्की घर भएका दर्जनौ परिवारलाई विपन्नको नाममा राहत वितरण गरियो । तर, राहत पाउने घरपरिवारले भने राहतको नाममा वडा कार्यालय धाएरै चित्त बुझाउनु पर्‍यो । 'राहत पाउने अधिकाँश परिवारको महिनाको आम्दानी १ लाख रूपियाँ भन्दा बढी छ, केही कमी नै नभएका परिवारलाई पनि राहत दिइयो, तर पहुँच नहुने गरिबलाई दिइएका छैन ।'-स्थानीय दिपेन्द्र महतोले भन्नु भयो ।

गरिब तथा विपन्न परिवारको लागि प्रदेश सरकारले पठाएको कार्यविधि अनुसार १ सय घरपरिवार समेत विपन्नको सूचिमा नपर्ने वडामा ३ सय बढी घर परिवारलाई राहत वितरण गरियो । प्रदेश सरकारले पठाएको मापदण्ड अनुसार वडामा १ सय घरपरिवारको सङ्ख्या समेत राहतमा नपुग्ने वडा अध्यक्ष भिमबहादुर थापाले समते स्वीकार गर्नु भयो । तर, सर्वदलीय संयन्त्र मार्फत स्वयं सेविकाले पठाएको नामलाई सर्वदलीय बैठकबाट पारित गरिएकाले ती सबै व्यक्तिलाई राहत वितरण गर्न आफूलाई बाध्य पारिएको वडा अध्यक्ष राणाको भनाई छ ।

नगरपालिकाका मेयर शिवनाथ महतोले राहत वितरणमा राजनीति भएको स्वीकार्दै निम्न आय भएका परिवारलाई राहत वितरण गर्ने भनिए पनि वडाले सहयोगी भूमिका निर्वाह गरेको बताउनु भयो । मेयर महतोले भन्नु भयो-'राहत बाँडेर भन्दा अब खाना खुवाएरै गरिब विपन्न परिवारलाई राहत प्रदान गर्नुपर्ने हामी सोच्दैछौं तर राजनीतिक दलको सहमतिबाट लिस्ट तयारी भयो, त्यसमा सबैको सहमति छ कसैको विमती छैन ।'

**इन्सेक सर्लाही जिल्ला प्रतिनिधि बुधन साह**का अनुसार मलंगवा नपा-३ मा करिब १ हजार १ सय गरिब असहाय रहेका घरधुरीले राहत पाउने भएका छन् ।

हालसम्म करिब ५ सय घरधुरीलाई राहत वितरण गरिसकेको र थप ६ सय घरधुरीहरूलाई वैशाख १० र ११ गतेसम्ममा वितरण गरिसक्ने मलंगवा नपा-३ का वडा अध्यक्ष रामकैलाश साहले बताउनु भएको छ ।

मलंगवा नगरपालिकाभित्र जम्मा १२ ओटा वडा रहेकोमा राहत बाँड्ने काम अन्तिम चरणमा पुगेको मलंगवा नगरपालिकाका नगर प्रमुख निरसल साहले जानकारी दिनु भएको छ ।

मलंगवा नपा-३ र ११ मा राहत वितरण कार्य अझै जारीरहेको छ भने वडा नं ६ खुटौनामा वैशाख १० गतेदेखि राहत वितरण गरिने नगर प्रमुख साहले बताउनु भएको छ ।

नगरपालिकाले प्रति गरिब तथा विपन्न परिवारलाई १० किलो चामल, दुई किलो दाल र तीन सय रुपियाँ नगद राहत स्वरूप वितरण गर्दै आएको छ। नगरपालिकाले वितरण गर्दै आएको राहत सामग्रीले परिवार धान्न नसकिने मलंगवाका स्थानीय बासिन्दाहरूले गुनासो गरेका छन्।

तरकारीको भाउ आकाशिए पछि झन् गरिबलाई जीवनयापन गर्न समस्या परिरहेको र नगरपालिकाले थप राहतको प्याकेज नल्याए गरिब तथा विपन्न वर्ग कोरोना भाइरस भन्दा भोक भोकै मर्ने अवस्था श्रृजना हुने मलंगवाका स्थानीय नेकपाका युवा कार्यकर्ता समिम पठान खानले बताउनु भएको छ।

त्यसैगरी सर्लाहीका एक युवा व्यवसायीले लालबन्दी नपा-७ का वासीलाई स्यानिटाइजर, ग्लोबभ तथा खाद्यान्नको लागि नगद प्रदान गर्नु भएको छ।

कोरोना भाइरस सङ्क्रमणबाट सुरक्षित रहन र वडावासीहरूलाई खाद्यान्न वितरण गर्नका लागी लालबन्दी नपा-७ लाई युवा व्यवसायी तथा गौरीशङ्कर फाइनेन्सका अध्यक्ष कुबेरराज ढुङ्गेलले सेनिटाइजर ४४ पिस, ग्लोबस पाँच प्याकेट र नगद ५ हजार १ सय रुपियाँ खाद्यान्नको लागि वडा अध्यक्ष सुरेन्द्र कुमार न्यौपानेलाई हस्तान्तरण गर्न समाजसेवी श्यामकुमार श्रेष्ठलाई प्रदान गर्नु भएको छ। लालबन्दी नपा-७ निवासी युवा व्यवसायी ढङ्गेलले यस्तो सङ्कटको समयमा आफ्नो ठाउँको लागि थोरै सहयोग भए पनि सुरक्षा सामग्री वडा कार्यालयलाई पठाएको लालबन्दी नपा-७ का वडा अध्यक्ष सुरेन्द्रकुमार न्यौपानेले बताउनु भएको छ।

युवा व्यवसायीले पठाएको सामग्री सर्लाही पठाइसकेकोले आज वडा कार्यालयलाई हस्तान्तरण गरिने समाजसेवी श्याम श्रेष्ठले जानकारी दिनु भएको छ।

**इन्सेक रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिनाका अनुसार** जिल्लामा क्वारेन्टाइनमा बस्नेको सङ्ख्या जम्मा १ सय ८१ जना रहेका छन्। रौतहटको विभिन्न स्थानको क्वारेन्टाइनबाट घर फिर्ता गरीएको सङ्ख्या २ सय ५६ जना रहेको छ। हालसम्म रौतहटको विभिन्न क्वारेन्टाइनमा बसेका १ सय ६२ जनाको स्वाब परीक्षण गरीएकोमा १ सय ४७ जनाको रिपोर्ट नेगेटीभ आएको छ भने एक जनाको रिपोर्ट पोजेटिभ आएको छ। १४ जनाको रिपोर्ट आउन बाँकी रहेको प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले बताउनु भयो। त्यस्तै आरडीटीबाट परीक्षण ३ सय ४७ जनाको गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ। रौतहटमा जम्मा ७ सय १ ओटा पीपीई रहेको छ भने जिल्लामा ८ सय ६१ क्वारेन्टाइन बेड सङ्ख्या रहेको प्रमुख जिल्ला अधिकारी घिमिरेले बताउनु भयो।

चन्द्रपुर नपा-४ मा राहत वितरण गरिएको छ। हाल विश्वव्यापी माहामारीको रूपमा फैलिएको कोरोना भाइरसको रोकथाम तथा नियन्त्रणका लागि सरकारले गरेको लकडाउनका कारण समस्यामा परेका गरिब, विपन्न तथा ज्यालामजदुरी गरी जिविकोपार्जन गरिरहेका परिवारलाई राहत वितरण गरिएको हो। युवा व्यापारीहरूको समूहले वडा सदस्य कृष्ण खड्काको संयोजकत्वमा राहत वितरण गरिएको छ। लकडाउनको चपेटामा परेका साथै नागरिकता जस्ता कुनैपनि कागजी प्रमाण नभएका विपन्न परिवारमा राहत वितरण गरिएको एक व्यापरी राजु तिवारीले जानकारी गराउनु भयो। प्रति परिवार २० किलो चामल, दुई किलो दाल, एक लिटर तेल, दुई किलो आलु, दुई ओटा साबुन वितरण गरेको उहाँले बताउनु भयो।

दैनिक ज्याला मजदुरी गर्दै आफ्नो जिविकोपार्जन गर्दै आएका चन्द्रपुर नपा-४ का १ सय ३७ घरपरिवारलाई वडा नं. ४ का सदस्य कृष्ण खड्का जस्तै व्यवसायीहरू राजेन्द्र तिवारीले सहजिकरण र समीर खान, मनकामना हार्डवेयर, बास्तोला डेरी, खरेल किराना पसल, एक्स्ट्रा भेराइटी डिपार्टमेन्ट स्टोर देव आयल स्टोर्स लगायतको टीमले खाद्यान्न सहयोग गरेका छन्।

त्यसैगरी, इशनाथ नपा–८ मोतिपुरका १९ वर्षीय किशोरमा कोरोना सङ्क्रमण पुष्टि भएपछि सुरू गरिएको कन्ट्याक्ट ट्रेसिङ अन्तिम चरणमा पुगेको छ ।
गत चैत १६ गते भारतको दिल्लीबाट फर्केर गाउँको क्वारेन्टाइनमा बसेका युवामा सङ्क्रमण पुष्टि भएपछि थालिएको कन्ट्याक्ट ट्रेसिङ अन्तिम चरणमा पुगेको हो । प्रादेशिक ल्याबबाट खटिएको टोलीले किशोरसँगै क्वारेन्टाइनमा रहेकाहरूको पीसीआर परीक्षण समेत गरेको छ ।
इशनाथ नगरपालिका स्वास्थ्य संयोजक इसराजुल खानले सङ्क्रमितसँगै क्वारेन्टाइनमा बसेकाको स्वाब परीक्षण अन्तिम चरणमा पुगेको जानकारी दिनु भएको छ । उहाँका अनुसार युवामा सङ्क्रमण भेटिएपछि उहाँको सम्पर्कमा पुगेका ५५ जनाको हालसम्म कन्ट्याक्ट ट्रेसिङ र स्वाब परीक्षण गरिएको छ । यी मध्ये आठ जनाको रिपोर्ट आउन बाँकी रहेको उहाँले बताउनु भयो । युवकमा कोरोना पोजेटिभ देखिएपछि उहाँका परिवारका सदस्य क्वारेन्टाइनमा बसेका छन् । ती युवाका आमा, बुवा, दुई भाइ र एक बहिनी होम क्वारेन्टाइनमा बसेका छन् ।

**इन्सेक बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेलका अनुसार** जिल्लामा आरडीटी प्रविधिबाट ८८ जनाको परीक्षण भएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको जिल्ला प्रशासन कार्यालयका सुचना अधिकारी ओम खड्काले बताउनु भयो । उहाँले सिम्रोनगढ नगरपालिकामा पाँच जना, गढीमाई नगरपालिकामा आठ जना, पचरौता नगरपालिकामा सात जना, सुवर्ण गाउँपालिकामा १३ जना, आर्दशकोत्वालमा दुई जना, फेटा गाँउपालिकामा पाँच जना, जितपुरसिमरा उपमहानगरपालिकामा १० जना, निजगढ नगरपालिकामा १० जना, बाराडढी गाउँपालिकामा एक जना र कोल्हवी नगरपालिकामा पाँच जनाको परीक्षण भएको बताउनु भयो ।
कलैया उपमहानगरपालिकाका स्वास्थ्य शाखाका हेल्थ असिस्टेन्ट अजय कुमार जयसवालले आरडीटी प्रविधिबाट १४ जनाको स्वास्थय परीक्षण वैशाख ८ गते गर्दा रिपोर्ट निगेटिभ आएको बताउनु भयो । उहाँहरूलाई आफ्नै घरमा एक हप्ता क्वारेन्टाइनमा बस्न सल्लाह सुझाव दिएर वैशाख ९ गते घर पठाइएको बताउनु भयो । उहाँले क्वारेन्टाइनमा बसेका अन्य आठ जनामा कुनै लक्षण नदेखिएको र क्वारेन्टाइन अवधि समाप्त भएकाले घर पठाएको बताउनु भयो ।
क्वारेन्टाइनमा बसेर घरमा जानु भएका नागरिकलाई निर्धक्क भएर चिकित्सकसँग सम्पर्क गर्न सुझाव दिई घर पठाएको उहाँले बताउनु भयो । कलैयाको क्वारेन्टाइनमा १८ जनामाथि चिकित्सकले निगरानी गरीरहेको बताउनु भयो । कलैया उपमहानगरपालिका-३ गंगापुरमा रहेको शैक्षिक तालिम केन्द्रमा स्थापना गरिएको क्वारेन्टाइनमा ४१ जनालाई राखिएको छ ।
नोवेल कोरोना कोभिड-१९ सङ्क्रमण रोकथाम गर्न नेपाल सरकाले घोषणा गरेको लकडाउनबाट प्रभावितलाई सहयोग गर्न गाउँपालिकामा रहेका अपाङ्ग, दलित, गरिब, अति विपन्न परिवारलाई प्रदेश सरकारको निर्देशन र गाउँपालिकाको कार्यविधि अनुसार १ हजार ८ सय ४६ परिवारलाई राहत वितरण गरेको प्रमुख प्रशासकिय अधिकृत बिरेन्द्र महतोले बताउनु भयो । गाउँपालिकामा रहेका लक्षित परिवारका चार जना परिवार सङ्ख्या भएका ५ सय ९६ परिवारलाई १ हजार ४ सय ४५ रकमको खाद्यान्न वितरण गरेको महतोले बताउनु भयो । उहाँले चार जना भन्दा बढी सदस्य भएका १ हजार २ सय ५० परिवारलाई १ हजार ६ सय ५५ रकमका दरले खाद्यान्न सामग्री वितरण गरेको बताउनु भयो ।
कोल्हबी नपा-४ मा कोरोना सङ्क्रमण फैलिन नदिन नेपाल राष्ट्रिय नमुना माध्यमिक विद्यालय सपहीमा निर्माण गरेको क्वारेन्टाइनमा रहेका नौ जना मध्ये वैशाख ९ गते तीन जनालाई घर पठाइएको वडा अध्यक्ष बिरेन्द्रप्रसाद चौधरीले बताउनु भयो । उहाँहरू भारतमा कामगरी घर फर्किए पछि

क्वारेन्टाइनमा राखेको नगर प्रमुख भरत भण्डारीले बताउनु भयो । नेपाल सरकारले तोकेको २१ दिन क्वारेन्टाइनमा बस्दा कोरोना भाइरसको कुनै किसिमको लक्षण नदेखिएकाले  घर पठाएर चिकित्सकको सम्पर्कमा बस्न सल्लाह दिएको भण्डारीले बताउनु भयो । उहाँहरूलाई घरमा सचेत भएर बस्ने सुझाव सहित फुलको गुच्छा दिएर विदाई गरेको भण्डारीले बताउनु भयो । कोही सङ्क्रमित भेटिएमा वा कोरोना भाइसको लक्षण देखिएमा उपचारका लागि जिल्लामा आइसोलेसन बेड तयारी अवस्थामा रहेको भण्डारीले बताउनु भयो ।

**इन्सेक पर्सा जिल्ला प्रतिनिधि केसि लामिछाने**का अनुसार वीरगंज महानगरपालिकाले राहत वितरण कार्यमा राजनीतिक दलका प्रतिनिधिलाई समावेश गरेपछि राहत माग्नेहरूको सूची ह्वात्तै बढेको छ ।
चैत ११ गते लकडाउन सुरू भएपछि केही वडाहरूले आफ्नो खर्चमा राहत वितरण गर्दा निकै राहत लिनेको सङ्ख्या कम थियो । सर्वदलीय संयन्त्र बनेपछि राहत लिनेको सङ्ख्या बढेको छ ।
वीरगंज महानगरको सबैभन्दा समृद्ध वडा मानिएको वीरगंज मनपा-१० आदर्शनगरमा पनि २ हजार ५ सय घरधुरीले राहत माग गरेका छन् । आदर्शनगर र घडीअर्वा गरी दुई ओटा टोल रहेको वडा नं १० मा त्यत्रो सङ्ख्यामा राहत माग भएपछि नगरपालिका बोर्ड पनि चकित परेको थियो ।
अहिले महानगरपालिकाले सबै वडाबाट सूची माग गरेर माग भएबमोजिमको राहत सामान खरीद गरी वडामा पठाउने गरिरहेको छ । वडाले सूचीकृतहरूलाई वडा कार्यालयबाट सामाजिक दूरी बनाएर राहत वितरण सुरू गरेको छ । बीरगंज महानगरमा मात्रै ३० हजार ५ सय घरधुरीले राहतको लागि फारम भरेको महानगर प्रमुख बिजयकुमार सरावगीले बताउनु भयो ।
वीरगंज महानगरपालिकामा १ हजार ५ सयको सूची दिएको वीरगंज-२ छपकैयाले वैशाख ७ र ८ गते राहत वितरण गर्दा थप २ सय बढेको भनेर राहत मागेको छ । वीरगंज महानगर-३ मा सुरुआतमा २ सय ४० जनाले मात्र राहत माग गरेको वडा अध्यक्ष बैजु स्वर्णकारले बताउनु भयो । अहिले वितरणको लागि सूची तयार हुँदा त्यही वडामा राहत लिनेको सङ्ख्या १ हजार ४ सय नाघेको छ ।
अध्यक्ष स्वर्णकारले राजनीतिक संयन्त्र बनाएर सूची सङ्कलन गरेको कारण पनि सङ्ख्या बढेको बताउनु भयो ।
बीरगंज मनपा-४ का वडा अध्यक्ष जगत साह कानुले रिक्सा ठेला चलाउने मजदुरहरूका लागि खानाको व्यवस्थ गर्नु भएको छ । तैपनि राहत लिनेहरुको सङ्ख्या ४ सय घरधुरी भन्दा बढी रहेको छ ।
वडा नं १८ का वडा अध्यक्ष ब्रह्मदेवप्रसाद कुर्मीले राजनीतिक संयन्त्र गठनपछि राहत माग्नेहरूको सङ्ख्या बढेको बताउनु भयो । १ हजार घरधुरी भन्दा बढीलाई राहत दिनु पर्ने उहाँले बताउनु भयो ।
वडा नं ११ का अध्यक्ष प्रद्युम्न सेढाईंले राहत वितरणमा समस्या बढ्दै गइरहेको बताउनु भयो । उहाँले सबै जनालाई राहत चाहिएकोले कसलाई दिने कसलाई नदिने समस्या बढेको बताउनु भाये ।
बीरगंज महानगरपालिकाले अतिविपन्न, गरिब र दैनिक ज्यालादारी गर्ने मजदुरलाई लक्षित गरेर राहत वितरण गर्ने योजना बनाएपनि अहिले सबै वडामा राजनीतिक संयन्त्र गठन गरेर राहत वितरणको प्रयास हुँदा दलका प्रतिनिधिहरूले भागबन्डा लगाउन थालेका छन् ।
अहिले लकडाउन अबधि बढेकाले पनि वडाहरूमा राहत माग्नेहरूको सङ्ख्या बढेको छ । १ साताको लागि गरिएको लकडाउन महिना दिनभन्दा बढी घोषणा भएपछि सबै थरीका मानिस प्रभावित हुन थालेका छन् ।
बीरगंज महानगरपालिकामा करीब ४४ हजार घरधुरी रहेको अनुमान गरिएको छ । अहिले राहत वितरण सूची हेर्दा करीब ३० हजार घरपरिवारले राहत माग गरेको देखिन्छ ।

एकै परिवारका सदस्य अलग अलग बसेको झूटो विवरण पेश गरेर राहत माग भइरहेको वडा अध्यक्षहरूको बुझाइ छ। कसलाई नलिनु भन्ने एक जना वडा अध्यक्षले बाध्यता जाहेर गर्दै भन्नु भयो।

केही वडा अध्यक्षले राहतमा सम्पन्न परिवार र एकै परिवारका अनेकजनाको माग देखेपछि घरदैंलोमा पुगेर राहत वितरण कार्यक्रम स्थगित गरेको बताउनु भयो । उहाँले राहत लिनका लागि वडा कार्यालयमा सबैलाई समय दिएको र सार्वजनिकरूपमा राहत लिन लामबद्ध गराउँदा झूटा विवरण लेखाउनेले लिन नसक्ने अनुमान गर्नु भयो ।

**इन्सेक प्रदेश २ कार्यालय, जनकपुरधाम**